चाडपर्वको बेला सवारी साधनमा भीडभाड नगरौं, मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं । दुर्घटनाबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक
दैनिक

eprateekdaily.com





अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मो: ९८५५०२२५८०



❖ वर्ष ३६ ❖ २०७९ असोज १६ गते आइतवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2022 October 02 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ४५


# वीरगंजमा मेलाको रौनक बढ्दो

## 'दुलहीझैं सिंगारियो मन्दिर'

प्रस, वीरगंज, १५ असोज/

वीरगंजमा हरेक वर्ष लाग्ने गहवा माई मन्दिरको मेला शुभारम्भ भएको छ ।

घटस्थापनादेखि अष्टमीसम्म लाग्ने मेलामा हजारौं श्रद्धालु भक्तजनको भीड देखिन्छ । अहिले घण्टाघर छेउछाउ र गहवामाई मन्दिर क्षेत्र, आदर्शनगर, गीता मन्दिरलगायत क्षेत्रमा मेला लागेको छ ।

आइतवार फूलपाति र सोमवार बलिदान हुने कार्यतालिका छ । यो दुई दिन नवरात्रको महारात्रिको रूपमा पनि मानिने चलन छ । शनिवार राति गहवा माईको खोइँच भर्ने श्रद्धालु भक्तजन पनि रातिदेखि नै मन्दिर परिसरमा लाइन लागेको देखियो ।

मेलामा बारा, पर्सा, रौतहट, बिहारलगायत क्षेत्रबाट सामान बिक्री गर्ने व्यवसायीहरू आएका छन् ।

मेलाको क्रममा जिलेबी, चाट, पानीपुरी, खेलसामग्री, शृङ्गार सामान, जुत्ता, चप्पल, कपडालगायत बिक्री भइरहेको छ ।

मेलालाई मध्यनजर गर्दै विपी पार्कमा रमाइलो मेला आयोजना गरिएको छ भने खेल तमाशा र झुलुवा पनि राखिएको छ ।

गहवा माई मन्दिर अगाडिको सडकलाई नवनिर्वाचित मेयर राजेशमान सिंहले सौन्दर्यीकरण गर्न करीब ९० लाख रुपियाँ खर्च गरेको बुझिएको छ ।

मन्दिर परिसर वरपर झिलीमिली बत्तीले दुलहीझै सिंगारिएको र यसपालि वीरगंजको मेलाको रौनक श्रद्धालु भक्तजनलाई निकै मनमोहन लागेको प्रतिक्रिया दिएका छन् ।


तस्वीरः प्रतीक

### बोकाको भाउ बढ्यो

वीरगंज मेलामा अहिले बलिदानको लागि बोकाको खरीद बिक्री पनि भइरहेको छ । हरेक वर्ष कम्तिमा २००० बोका बिक्री हुने यस पालि महँगीको


तस्वीरः प्रतीक

कारणले करीब १५ सयभन्दा बढी मात्र बोका बिक्री हुने व्यवसायीहरुले बताएका छन् । घण्टाघर नजीकको टाङ्गा स्टेन्ड नजीकै बारा, पर्सा र बिहारबाट दर्जनौं व्यक्ति दर्जनौं बोका लिएर आएका छन् । ५ हजारदेखि २५ हजारसम्म बोका बिक्री भइरहेको देखिएको छ ।

खडा किलोको साढे ६ सय रुपियाँको हिसाबले बोकाको दाम लागिरहेको व्यवसायीको भनाइ छ । जुन पोहोर साढे ५ सय किलोको दरमा बिक्री भएको थियो ।

खरीदकर्ताहरूले प्रहरी प्रशासनको लापरवाहीले गर्दा वीरगंजका केही मासु व्यवसायीहरु वीरगंज आसपासको ग्रामीण क्षेत्रबाट सस्तोमा बोका खरीद गरी ल्याएको र महँगोमा बिक्री गरिरहेको बताएका छन् ।

# अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसमा

## बदलिंदो विश्व र ज्येष्ठ नागरिक विषयमा संवाद

प्रस, वीरगंज, १५ असोज/

२२ औं अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवस २०२२ को अवसरमा बदलिंदो विश्व र जेष्ठ नागरिक सम्बन्धित एक दिने अन्तर्क्रिया आज वीरगंजमा सम्पन्न भएको छ ।




तस्वीरः प्रतीक



वीरगज महानगर तथा जेष्ठ नागरिक सङ्घको आयोजनामा शुरू भएको कार्यक्रममा बोल्दै वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले जेष्ठ नागरिक हाम्रो समाजका गहना हुन्, उनीहरूलाई आवश्यक सहयोग गर्न महानगर जहिले पनि पछाडि नपर्ने बताए ।

कार्यक्रममा बोल्दै भारतीय वाणिज्य दूतावासका कन्सुल शशिभूषण कुमारले नेपाल भारतमा रहेका जेष्ठ नागरिकको अवस्था बराबरजस्तै भएको बताए । भारत नेपालको समाज एक भएकोले दुवै देश फरक रहेपनि जेष्ठ नागरिकहरूको अवस्थामा केही फरक नरहेको बताए । तर राज्यले जेष्ठ नागरिकलाई दिने सेवा सुविधामा भने केही फरक रहेको बताए ।

जेष्ठ नागरिक आफूलाई कहिले पनि कमजोर नठानून्, आफूसँग ४० वर्षको कार्य अनुभव रहेकोले जहिले पनि आफूलाई अरूभन्दा बलियो ठानेर अगाडि बढन सुझाएका थिए । जेष्ठ नागरिक कहींबाट आएका हैनन्, सृष्टिको संरचना अनुसार जेष्ठ नागरिक भएकोले आफ्नो विगत सम्झेर सदा क्रियाशील भई परिवारमाथि बोझ बन्नुभन्दा आफैं सक्रिय भएर काम गर्नुपर्ने बताए ।

नेपाल तथा भारतमा रहेका जेष्ठ नागरिकहरूको विषयमा आफ्नो मन्तव्य राख्दै शशिभूषण कुमारले नेपाल सरकारले पनि चाँडै जेष्ठ नागरिकको समस्या समाधान गर्ने कुरामा आफू विश्वस्त रहेको बताए ।

विभिन्न मुलुकमा विभिन्न उमेरका मानिसलाई जेष्ठ नागरिकको दर्जा दिने गरिएकोमा नेपालको हकमा ६० निर्धारण गरेकोमा आफूलाई खुशी लागेको बताए । अहिलेको समयमा आफ्नै छोराछोरीले बुवाआमालाई हेप्ने प्रवृत्ति नेपाल–भारतमा यथावत् रहनु सामान्यजस्तै रहेको उनले बताए ।

सङ्घका जिल्ला अध्यक्ष जगदीश शर्माको सभापतिवमा शुरू भएको कार्यक्रममा पशुपति विक्रम शाह, श्याम पोखरेल लगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा सहभागी जेष्ठ नागरिकहरूले विभिन्न जिज्ञासा प्रकट गरेका थिए ।


बडादशैं, तिहार र छठ पर्व २०७९ को शुभ उपलक्ष्यमा सुख, समृद्धि, सुस्वास्थ्य एवं व्यावसायिक उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना ।

SURYA NEPAL
PRIVATE LIMITED

सूर्य नेपाल प्रा. लि. परिवार
सिमरा, बारा



बडादशैं, तिहार र छठ पर्व २०७९ को शुभ उपलक्ष्यमा सुख, समृद्धि, सुस्वास्थ्य एवं व्यावसायिक उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना ।

जगदम्बा स्टील इन्डस्ट्रिज प्रा. लि.
परिवार



## विचारसार र सूक्तिहरू

**'औषधि' औषधिको बोतल र गोली मात्र होइन । केही औषधि यस्ता छन्, जसको उपयोग गर्दा कुनै रोग लाग्दैन । जस्तै–३. व्रत बस्नु एउटा औषधि हो ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# समृद्धिको आधार: कृषि र उद्योगीकरण

अर्थ-उद्योग-वाणिज्य




शीतल महतो
shitalmahato@gmail.com


**राष्ट्रिय उत्पादन वृद्धि गर्ने, रेमिट्यान्स व्यवस्थित बनाउने तथा स्वावलम्बी अर्थनीति अवलम्बन गर्ने कार्यमा सरकार, निजी क्षेत्र र नागरिक समाज सक्रिय भएर लाग्नु आजको अपरिहार्य आवश्यकता छ । यसैतर्फ हाम्रा प्रयासहरू केन्द्रित हुनुपर्दछ ।**

नेपालको निर्यात व्यापारको इतिहास केलाएर हेर्दा पश्चिम नेपालको बाँके, बर्दिया र कैलालीमा फलेको धान–चामल भारतको राँचीसम्म पुग्थ्यो । पूर्व र मध्यका बारा, पर्सा, रौतहट, धनुषा, महोत्तरी, सुनसरी, मोरङ र झापालगायत जिल्लाबाट पनि धान–चामल निर्यात हुन्थ्यो। तोरीको तेलदेखि चौरीको घीउ, छुर्पी र जडीबुटीसम्म विभिन्न देशमा पुग्थ्यो। विराटनगरबाट ठूलो परिमाणमा जुट निर्यात हुँदै आएको इतिहास ताजै छ । नेपालको वैदेशिक व्यापार सन्तुलनमा कुनै समय धान–चामल निर्यातको महत्त्वपूर्ण भूमिका थियो। भारतीय नागरिक नेपालको सीमावर्ती शहरदेखि काठमाडौंसम्म किनमेल गर्न आउँथे । नेपालको सीमावर्ती बजार–व्यवसाय गुलजार रहन्थ्यो । तर, अहिले अवस्था पूरै फेरिएको छ । धान–चामल निर्यात गर्ने देशमा अहिले चामल आयात नगरी खान नपुग्ने स्थिति उत्पन्न भएको छ । वार्षिक करीब ५० अर्ब रुपियाँभन्दा बढीको धान–चामल आयात हुने गरेको तथ्याङ्क छ । अहिले भारतीय नागरिक किनमेल गर्न नेपाली बजार आउँदैनन् । बरु भारतीय सीमावर्ती बजारमा आवश्यक खाद्यान्न र लत्ताकपडा किन्न नेपालीको लर्को लागेको देखिन्छ ।

नेपालको कुल गार्हस्थ्य उत्पादनमा एकतिहाईभन्दा कम अर्थात् २५ प्रतिशतजति योगदान कृषि क्षेत्रको छ । यसले गर्दा पनि मुलुकको आर्थिक वृद्धिदरको निर्धारण कृषि उत्पादनमा भर पर्छ। मुलुकको जनशक्तिको करीब ७१ प्रतिशत जनशक्ति कृषि क्षेत्रमा छ। तर मुलुकको आर्थिक वृद्धिमा कृषिको योगदान २५ प्रतिशत मात्र छ। नेपाली अर्थतन्त्रमा उद्योगको योगदान क्रमश: घट्दै गएको छ । सेवा क्षेत्रले कृषि र उद्योग क्षेत्रको कुल योगदानलाई समेत उछिनेको छ। परम्परागत खेती प्रणालीले एकातिर धेरै श्रमशक्तिको खपत गरेको छ भने कुल उत्पादनसमेत बढ्न सकेको छैन। आर्थिक वृद्धिको व्यापक परिवर्तन गर्न कृषिमा आधारित अर्थतन्त्रबाट क्रमश: उद्योग र सेवा क्षेत्रतर्फ अगाडि लाग्नुपर्छ । देशमा खाद्यान्न अभाव, कुपोषण र गरीबीबाट मुक्त हुन कृषि र कृषिजन्य उद्योगको विकास अपरिहार्य जस्तै भएको छ। खानीजन्य उत्पादनमा नेपाल पछाडि छ भने उत्पादनमूलक उद्योगहरूले चीन, भारतजस्ता देशसँग उच्च प्रतिस्पर्धा गर्नुपरेको छ । नेपालले विश्व बजारमा प्रतिस्पर्धा गर्न नसकेको कारण विश्व व्यापार सङ्गठनको सदस्य राष्ट्रका हैसियतले खुला व्यापारतर्फ उन्मुख हुनुपर्दा मूल्य र गुणस्तरमा प्रतिस्पर्धाका कारण आयातित वस्तुमा अझ बढी निर्भर हुन सक्ने अवस्था छ। यसले उत्पादनमूलक क्षेत्रबाट भविष्यमा समेत उल्लेख्य योगदानको आशा गर्न सकिने अवस्था देखिएको छैन। खानीजन्य उत्पादनमा नेपाल पछाडि छ भने उत्पादनमूलक उद्योगले चीन, भारतजस्ता देशसाग उच्च प्रतिस्पर्धा गर्नुपरेको छ। त्यसैले उद्योगलाई प्रोत्साहन गर्न विभिन्न सहुलियत प्रदान गर्नुपर्ने, बन्द भएका उद्योग सञ्चालनमा देशको स्रोत खर्च गर्नुभन्दा तुलनात्मक र प्रतिस्पर्धात्मक फाइदाका क्षेत्रहरूमा निजी क्षेत्रको सहभागिता बढाउन आवश्यक छ । लगानीको प्रत्याभूति दिन सकेमा उद्योग क्षेत्रको वृद्धिदरमा केही विस्तार गर्न सकिने देखिन्छ । विगत केही दशकको औसत आर्थिक वृद्धिदर ४ प्रतिशतमा रहेको हुँदा पनि सेवा क्षेत्रको वृद्धिदर औसत ५.३ प्रतिशत रहेको देखिन्छ । तर, सोही अवधिमा कृषिको औसत वृद्धिदर ३.३ प्रतिशत र उद्योगको २.७ प्रतिशत मात्र कुनै बेला रहेको थियो । सेवा क्षेत्रले यथेष्ट रोजगार दिन नसक्ने र कृषि क्षेत्रको योगदान अर्थतन्त्रमा अझै उच्च हुनु उच्च दरको अर्थिक वृद्धिको बाधकका रूपमा रहेको छ।

हुनत नेपालमा निर्यातको तुलनामा आयातको परिमाण अत्यधिक बढ्दा व्यापारघाटा चुलिंदो छ। व्यापारघाटा बढ्दै जाँदा अर्थतन्त्र परनिर्भर, थप कमजोर र जोखिमयुक्त बन्दै जान्छ। जबसम्म आन्तरिक उत्पादन र निर्यात वृद्धि हुँदैन, तबसम्म व्यापारघाटा बढि नै रहन्छ। रेमिट्यान्स मुलुकको अर्थतन्त्रको मेरुदण्ड नभए पनि भरपर्दो टेको त बनेको छ । यही रेमिट्यान्सले गर्दा उपभोग संस्कृतिमा वृद्धि भई आयातमाथि थप दबाब परेको छ । फलस्वरूप बर्सेनि उपभोग्यदेखि विलासिताका वस्तुको आयातमा वृद्धि भइरहेको छ । तर, आन्तरिक उत्पादन वृद्धि हुन नसक्दा निर्यात व्यापारले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सकेको छैन। राष्ट्रिय व्यापार एकीकृत रणनीतिले नै निकासीयोग्य वस्तुको सूचीमा राखेका वस्तुकै पनि निर्यात प्रवर्द्धन हुन नसक्दा आयात र निर्यातबीच अन्तर निकै बढेको छ। निर्यात दिगो बनाउन स्वदेशमैं गुणस्तरीय वस्तु उत्पादनमा जोड दिनु आवश्यक छ । यसका लागि कृषि, उद्योग, वाणिज्य तथा आपूर्ति, सिंचाइ र ऊर्जा मन्त्रालयबीच समन्वयकारी भूमिका हुनुपर्छ भने विलासिताका वस्तु आयातमा पनि कडाइ गर्दै जानुपर्ने आवश्यकता छ। वास्तवमा नेपालको अर्थतन्त्रलाई विकसित गर्न किसानको आर्थिक स्थितिमा सुधार गर्नैपर्छ । किसानको उत्पादन सुविधामा सुधार भए एक वर्षमैं कृषि उत्पादन बढाएर घाटा कम गर्न सकिन्छ। यसका लागि उनीहरूलाई प्रोत्साहनका साथै सिंचाइमा पनि जोड दिनुपर्छ । कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणबाट कृषि उत्पादकत्व बढाउन सकिन्छ । यसका लागि उपकरणको अत्यधिक उपयोग, कृषि विशेषज्ञको प्रयोग, किसानलाई उपयुक्त तालीम र कृषि सडक, सिंचाइजस्ता पूर्वाधार विकासमा जोड दिनैपर्छ । सबैभन्दा बढी सम्भावना भएको कृषि क्षेत्रमा ठूला उद्योगीको लगानी अत्यन्त कम छ। कृषि क्षेत्रमा लगानी नभएपछि कृषि उन्मुख उद्योगमा लगानी कम हुने नै भयो । वैदेशिक लगानीमा पनि कृषिजन्य उद्योग पछाडि परेको छ । खाद्यान्न आयात प्रतिस्थापन गर्न सक्षम कृषि प्रणाली विकास गर्न सके गरीब तथा भूमिहीन किसानको रोजगार तथा आम्दानी बढाउन सकिन्छ। यसका लागि तुलनात्मक लाभको कृषिमा जोड दिनुपर्छ। नेपालको विविध तर विशिष्ट कृषि उत्पादन प्रवर्द्धनको रणनीतिले कृषिको खाद्यान्न सुरक्षा, रोजगारी तथा आम्दानी बढाउन सक्छ । कृषि बीमा, अनुदानको व्यवस्थालगायत सरकारी नीतिको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ। कृषिमूलक उद्योगमा लगानी गर्नका लागि बैंकहरूबाट सहुलियत दरमा ऋण उपलब्ध हुनुपर्छ। कृषिको व्यवसायीकरण र उत्पादित वस्तु अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउन किसानलाई सहयोग गर्नुपर्ने देखिन्छ । अनि मात्र देशको अर्थतन्त्र सबल र समुन्नत हुन सक्छ ।

व्यापार घाटा कम गर्न अबको लगानी उत्पादनशील क्षेत्रमा हुनुपर्छ । यसका लागि सरकारले सबै नीति परिमार्जन गर्न सक्नुपर्दछ । बजेटसँग जोडिएका ऋण, मौद्रिक नीति, औद्योगिक, वाणिज्य र ऊर्जासम्बद्ध नीति समयसापेक्ष परिमार्जन गर्दै जानुपर्ने आवश्यकता छ । सरकारले उत्पादनशील क्षेत्रमा भएका उद्योगलाई सहुलियत र निरन्तर ऊर्जा दिनुपर्छ। यसबाहेक उत्पादनशील क्षेत्रका लागि ऋण नीति उत्तम हुनुपर्छ। यसले आयात प्रतिस्थापन र निर्यात बढाउन सघाउँछ। त्यसैले व्यापार घाटा कम गर्न उत्पादन बढाउन कृषि उद्यमशीलतामा जोड तथा इन्धनको विकल्प विद्युतीय सवारी र उपकरण प्रयोगमा विशेष जोड दिनुपर्छ। यसका लागि रणनीतिक ढङ्गले काम गर्नुपर्ने अहिलेको आवश्यकता हो । नेपालले गरीबी निवारणको विषयमा प्रगति गरे पनि आर्थिक असमानता बढेको देखिन्छ। दुई–तीन दशकको अवधिमा नेपालको गरीबी ६८ प्रतिशतबाट करीब २० प्रतिशतमा झरेको अनुमान छ।

त्यसैले व्यापार घाटा न्यूनीकरण र विदेशी मुद्रा सञ्चिति बढाउन तत्काल सम्भाव्य क्षेत्र र वस्तुको पहिचान गरी आन्तरिक उत्पादन वृद्धि गरेर निर्यात प्रवर्द्धन गर्ने अथवा आयात प्रतिस्थापन गर्ने नीति अवलम्बन गर्नु आजको आवश्यकता हो । सरकारले निर्यात बढाउन पनि निर्यातयोग्य वस्तुको सम्भाव्य सूची तयार गरी सूचीमा पर्ने वस्तु उत्पादन र निर्यात गर्नेलाई प्रोत्साहनस्वरूप विभिन्न सुविधा दिंदै आएको छ। जलस्रोत र पर्यटनको विकासबाट पनि व्यापारघाटा कम गर्न सकिन्छ भन्ने आम धारणा छ। त्यसैले बढ्दो व्यापार घाटा न्यूनीकरणका लागि मुलुकमा लगानी भित्र्याउन र नयाँ पुस्तालाई उद्यमी बन्न प्रेरित गर्ने नीति राज्यले लिन सक्नुपर्दछ। हुनत आत्मनिर्भर अर्थतन्त्रको विकास गर्नुपर्छ भन्ने कुरामा कसैको दुईमत हुन सक्दैन। तर हामी हरेक सामान आयात गरेर उपभोग गर्न थालेका छौं । कृषि, जडिबुटी, पर्यटन र जलस्रोतजस्ता क्षेत्रको विकासले मुलुकलाई आत्मनिर्भरतातर्फ लैजान सक्छ। अन्त्यमा राष्ट्रिय उत्पादन वृद्धि गर्ने, रेमिट्यान्स व्यवस्थित बनाउने तथा स्वावलम्बी अर्थनीति अवलम्बन गर्ने कार्यमा सरकार, निजी क्षेत्र र नागरिक समाज सक्रिय भएर लाग्नु आजको अपरिहार्य आवश्यकता छ। यसैतर्फ हाम्रा प्रयासहरू केन्द्रित हुनुपर्दछ ।

# दशैं–अझै केही थप जानकारी

स्वतन्त्र विचार




राजेन्द्रप्रसाद कोइराला
A Phd scholar
Koiralarp46@gmail.com


दशैं वा नवरात्रि मनाउने विभिन्न ठाउँमा फरकफरक तरीका भए पनि नेपालको आफ्नै तरीका छ। देशभरका काठमाडौं उपत्यका र नेवार बस्तीले हजारौं वर्ष अघिको परम्परागत प्रचलनलाई अझै कायम राखेको छ। यो यस अर्थमा अनुपम छ कि उनीहरूले अझै पनि शक्तिपीठमा पूजा गर्ने चलन अनुष्ठान पालना गर्छन्। यद्यपि हिमाल, पहाड, तराई सबैतिर यसलाई हर्षोल्लासका साथ मनाइन्छ। अझ भन्नु पर्दा गणतन्त्रको आगमनपछि हाम्रो देशको कुनै पनि चाडपर्वलाई उत्तिकै महत्त्वका साथ मनाइन थालिएको छ।

नेपालका अन्य भागभन्दा फरक, काठमाडौं उपत्यकाको दशैं पर्वको अद्वितीय विशेषताहरू छन्, जुन यस क्षेत्रका धेरै भागमा देखिंदैन। दशैं भनेको





शक्तिपीठको पूजा गर्ने समय हो।

तथापि दशैंले बिस्तारै राष्ट्रिय स्वरूप लिइसकेको अवस्था छ। सबै समुदायले मेलमिलापको प्रतीकका रूपमा पर्व मनाउने गर्छन्। यसलाई अन्य भागमा पारिवारिक पुनर्मिलनको समयको रूपमा लिइन्छ।

दशैं पर्वका धेरै विशेषताहरू नेपालको दक्षिणी मैदान वा मधेसमा पनि अभ्यास गरिन्छ, जहाँ धेरै महत्त्वपूर्ण शक्तिपीठहरू अझै अवस्थित छन्। त्यहाँ दशैंको उत्सव अर्कै तरीकाले मनाइन्छ।

**नवरात्रि :**

नवरात्रिको शुरूदेखि दशैं शुरू हुन्छ। नवरात्रको पहिलो दिन घर–घरमा जमरा रोपेर पूजा–आराधना गरी शुरू हुन्छ।

दशैंको पहिलो दिनलाई घटस्थापना भनिन्छ, जसको शाब्दिक अर्थ भाँडा राख्नु हो। यस दिन कलश, देवी दुर्गाको छेउमा इम्बोस गरिएको हुन्छ, प्रार्थना कोठामा राखिन्छ। कलश पवित्र पानीले भरिएको हुन्छ र गाईको गोबरले छोपिएको हुन्छ जसमा बीउ छरिन्छ। एउटा सानो आयताकार बालुवाको ब्लक बनाइन्छ र कलशलाई केन्द्रमा राखिन्छ। बालुवाको वरपर ओछ्यानमा पनि दाना छरिएको हुन्छ । घटस्थापना अनुष्ठान ज्योतिषीहरूले निर्धारण गरेको निश्चित शुभ मुहूर्तमा गरिन्छ। त्यो विशेष क्षणमा पुजारीले देवी दुर्गालाई आफ्नो उपस्थितिमा आशीर्वाद दिन अनुरोध गर्दै स्वागत गर्दछन्।

दशौं दिनमा, बीउ बढेर पाँच वा छ इन्च लामो पहेंलो घाँस हुन्छ । पवित्र पहेंलो घाँसलाई 'जमरा' भनिन्छ। टीका लगाउँदा अन्तिम पाँच दिनमा जेठाले आफूभन्दा कान्छोको टाउकोमा जमरा राख्छन्। जमरालाई देवी दुर्गाको प्रतीकको रूपमा लिइन्छ र वृद्धहरूको आशीर्वादको रूपमा लिइन्छ र ठूलाबडाले यश र दीर्घायु र उत्तरोत्तर प्रगतिको कामना गर्दै सुख र समृद्धिको आशीर्वचन दिन्छन्।

अष्टमीको दिन सृजनात्मकताका देवता विश्वकर्माको पनि पूजा गरिन्छ। सबै कलकारखाना, सवारी साधन, कुनै पनि मेशिनरी औजार र जुनसुकै वस्तुबाट हामीले जीविकोपार्जन गर्छौं, त्यसको पूजा गरिन्छ।

नवौं दिनलाई नवमी भनिन्छ: देवी माताका मन्दिरहरू बिहानदेखि साँझसम्म मानिसले भरिएका हुन्छन् । विजय र शक्तिकी देवी दुर्गाको सम्मान गर्न र उनको आशीर्वाद लिनका लागि प्राय: कालो भैंसी बलि दिइन्छ । सैन्य ब्यान्डहरूले युद्धको धुन बजाउँछन्, बन्दूकको बूमसँगै अफिसरहरू सुन्दर ढङ्गले सजाइएका पदकहरूसहित पूर्ण वर्दीमा उभिएका हुन्छन्। तर अन्य ठाउँमा खसी, बोका, कुखुरा र शाकाहारीहरूले कुभिण्डो काटी देवीलाई चढाउँछन्।

वर्षभरि हुने दुर्घटनाबाट सवारी साधन र यात्रीको सुरक्षाका लागि देवी दुर्गाको कृपा प्राप्त गर्न मानिसहरू कार, एयरोप्लेन, ट्रकजस्ता सबै चल्ने मेशिनरीहरूलाई संस्कृति र परम्परा अनुसार पूजाआजा गर्छन्।

घटस्थापनादेखि दशमी (दश दिन)सम्म देवीले मानिसलाई आशीर्वाद दिनको लागि उपस्थित हुने विश्वासका साथ मानिसहरू दुर्गाका सबै नौ रूपको पूजा गर्छन् । नवरात्रिको पहिलो दिन घटस्थापनामा भक्तहरूले जमरा (मुश्किल बीउ) रोप्छन्। जमरा देवी दुर्गाको मनपर्ने बिरुवा भएकोले भक्तजनले दुर्गालाई खुशी बनाउन जमरा चढाउने र आशीर्वाद प्राप्त गर्ने जनविश्वास रहेको छ।

**नौ देवीहरू निम्नानुसार छन्:**

यस पर्वमा नौ दिनसम्म दुर्गाका नौ रूप शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धिदात्रीको पूजा गरिन्छ । दुर्गा पूजाको नौ दिनलाई नवरात्रि भनिन्छ।

**दशैंको महत्त्व:**

दशैं चाड हिन्दूहरूको सबैभन्दा महत्त्वपूर्ण चाड हो, जुन नेपालभर रमाइलोगरी मनाइन्छ । यो चाड सामान्यतया सेप्टेम्बर (आश्विन) वा अक्टोबर (कार्तिक) महीनामा पर्दछ र वास्तवमा १५ दिनसम्म मनाइन्छ। यो उज्यालो चन्द्र पन्ध्र (शुक्ल पक्ष) बाट शुरू हुन्छ र नेपाली वार्षिक पात्रो अनुसार पूर्णिमा (पूर्णिमा) को दिन समाप्त हुन्छ। हिन्दूहरूको सबैभन्दा ठूलो चाड, दशैंले दुष्ट राक्षसहरूमाथि देवताहरूको ठूलो विजयको सम्मान गर्दछ । यस पर्वमा शक्तिको प्रतीक देवी दुर्गाको पूजा गरिन्छ।

यो पर्व वास्तवमा पुनर्मिलन र रमाइलोको उत्सव हो । घर वा मातृभूमिबाट धेरै टाढा बसोवास गर्ने मानिस आफ्नो घर फिर्ता हुन्छन् र परिवारसँग भेटघाट हुन्छ । त्यसैगरी अभिभावकले आफ्ना छोराछोरीलाई नयाँ लुगा किन्ने गर्छन्। मानिसहरू पाहुनालाई आमन्त्रित गर्ने, भोज आयोजना गर्ने, आफन्तको घर जाने, चङ्गा उडाउने, बाँसका झुलाहरू बनाउने, पारम्पारिक लिङ्गे पिङ खेल्ने र विभिन्न मनोरञ्जनात्मक क्रियाकलापमा संलग्न हुने गर्दछन् । यद्यपि विज्ञान, प्रविधि र आधुनिकताको राप र तापले वर्तमान पुस्ता पश्चिमा संस्कारमा चुर्लुम्म डुबेर आफ्नो वेशभूषा र रीतिरिवाजलाई चट्टक्कै बिर्सेको अवस्था छ । नेपालभरि देवी दुर्गालाई उनका सबै रूपहरूमा असङ्ख्य पूजाहरू, प्रशस्त भेटीहरू र अनुष्ठान, पवित्र स्नानको लागि हजारौं पशुबलिहरूका साथ पूजा गरिन्छ, यसरी देवीलाई धेरै दिनसम्म रगतमा भिजाइन्छ।

यस वर्ष दशैंको पहिलो दिन घटस्थापना असोज १० गते परेको छ। असोज १६ गते सातौं दिन फूलपाती, असोज १७ गते अष्टमी र १८ गते नवमी र दशमी १९ गते मनाइने छ। यसका साथै असोज २३ गतेसम्म थप ५ दिन जसलाई कोजाग्रत पूर्णिमा भनिन्छ, पर्व जारी रहने छ।

दशैंको तयारीमा प्रत्येक घरलाई सफा र सुन्दर ढङ्गले सजाइन्छ, मातृदेवतालाई निम्तोको रूपमा चित्रित गरिन्छ, ताकि उनले घरमा दर्शन र सौभाग्यले आशीर्वाद दिन सकून् । यस समयमा टाढा र नजीकका आफन्तहरूको भेटघाट हरेक घरमा हुन्छ। बजार नयाँ लुगा, उपहार, विलासिताका सामग्री साथै पारिवारिक भोजको लागि खाद्य पदार्थहरू खोज्नेहरूले भरिएको हुन्छ।

हजारौं भेडा, बाख्रा, हाँस, कुखुरा र भैंसी महाकालीलाई बलि दिनका लागि तयार गरिन्छ। सबै प्रकारका सङ्घसंस्था पक्ष या दशदेखि पन्ध्र दिनसम्म बन्द हुन्छन् । यस समयमा कामदारहरू भेट्टाउन लगभग असम्भव हुन्छ। गरीबदेखि धनी सबैले चाडपर्वको रमाइलो गर्छन् । जहाँ गए पनि विजयादशमीको सुगन्ध पाइन्छ । काठमाडौंबाट करीब २० देखि २५ लाख मान्छे आफ्नो थातथलोतिर लाग्छन्।

नेपालीहरू वर्षकै ठूलो चाड दशैंमा रमाउँछन् । दशैं नेपाली वार्षिक क्यालेन्डरमा सबैभन्दा लामो र सबैभन्दा शुभ चाड हो, जुन देशभरका सबै जातजाति र सम्प्रदायका नेपालीहरूले मनाउँछन्।

पुराना धर्मग्रन्थहरू हेर्दा नेपालमा दशैंको सन्दर्भ सन् १३७५ सालमा फेला पार्न सकिन्छ । पृथ्वीनारायण शाहको शासनपछि १८औं शताब्दीमा देशले दशैं

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार




भारतमा शनिवार '५ जी' मोबाइल सेवाको शुभारम्भ भएको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले यो सेवाको शुभारम्भ गर्दै आगामी दिनमा सूचना तथा प्रौद्योगिकी क्षेत्रमा भारतको लागि ५ जी सेवा फलदायी हुने बताए। कार्यक्रममा प्रधानमन्त्रीको साथमा इलेक्ट्रानिक्स एवं सूचना प्रौद्योगिकी मन्त्री अश्विनी वैष्णव (बायाँ) लगायतको सहभागिता रहेको थियो। तस्वीर पिटिआई

# वीरगंजमा झिझिया महोत्सव आयोजना




तस्वीरः प्रतीक

प्रस, वीरगंज, १५ असोज/

वीरगंजमा झिझिया महोत्सव आयोजना भएको छ।

एलाइड युथ सोसाइटी वीरगंजको आयोजनामा टाउन हलमा यो महोत्सव सम्पन्न भएको हो।

संस्थाका अध्यक्ष आकाश दासको अध्यक्षता एवं वीरगंजका मेयर राजेशमान सिंहको प्रमुख आतिथ्यमा सन्पन्न कार्यक्रममा डा दीपक शाक्य, डा अशोक दास, निभा दास, पर्सा प्रहरीका सुरक्षा अधिकारीलगायत समाजसेवीहरूको सहभागिता थियो।

मधेसको रीतिरिवाज तथा संस्कृति संरक्षण गर्न आयोजना गरिएको कार्यक्रममा झिझिया नृत्य साङ्गीतिक प्रस्तुति, हाजिरीजवाफ प्रतियोगितालगायत गतिविधि आयोजना गरिएको थियो।

कार्यक्रममा करीब दुई सयजनाको सहभागिता थियो।

# युक्रेनमा रूसी क्षेप्यास्त्र आक्रमणमा परी ३० को मृत्यु, ८८ जना घाइते

कीभ, १५ असोज/एएनआई

युक्रेनको जापोरिझिया शहरमा शुक्रवार रूसी क्षेप्यास्त्र आक्रमणमा परी कम्तीमा ३० को मृत्यु भएको छ भने ८८ जना घाइते भएको युक्रेनी अधिकारीलाई उद्धृत गर्दै सिएनएनले जनाएको छ।



तस्वीरः एएनआई

जापोरिझिया क्षेत्रीय सैन्य प्रशासनका प्रमुख ओलेक्जेन्डर स्टारूखले टेलिग्राममा भने–"शत्रुले जापोरिझियाबाट बाहिरिने बाटोमा नागरिक मानवीय काफिलामा रकेट आक्रमण गरेको छ।"

युक्रेनको राष्ट्रिय प्रहरी प्रमुख इहोर क्लाइमेन्कोलाई उद्धृत गर्दै सिएनएनले उक्त आक्रमणमा मारिनेमा ११ वर्षीया बालिका, १४ वर्षीय युवक पनि रहेको बताएको छ। रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले शुक्रवार औपचारिकरूपमा चार क्षेत्र–डोनेट्स्क, लुहान्स्क, खेर्सन र जापोरिझिया विलयको घोषणा गर्दै सो निर्णय लाखौं मानिसको इच्छा रहेको बताएका छन्।

मिडिया रिपोर्टका अनुसार पुटिनले चारवटा गाँसिएका क्षेत्रका बासिन्दा अब रूसका वास्तविक नागरिक हुने बताएका छन्। राष्ट्रपतिले अब नयाँ क्षेत्रको रक्षा गर्ने दायित्व रूसको रहेको बताएका छन्। उनले जनमत सङ्ग्रहको नतीजालाई "लाखौं जनताको इच्छा" पनि भनेका छन्। गत फेब्रअरी २४ मा डोनेट्स्क र लुहान्स्क जन गणतन्त्रले आफ्नो रक्षा गर्न मदतको लागि अनुरोध गरेपछि रूसले युक्रेनमा विशेष सैन्य कारबाही शुरू गरेको हो। रासस

# हरियो तरकारी महँगो हुँदै

प्रस, पोखरिया, १५ असोज/

दुई साताअघि निकै सस्तोमा बिक्री भएको हरियो तरकारी अहिले बजारमा महँगोमा बिक्री भइरहेको छ। रामतोरई रु १०, परवल ३०, बोडी ३०, गोलभेंडा १२०, करैला ५०, कोभी १६०, बन्दाकोभी ४०, खुर्सानी ८०, घिरौला रु १५ प्रतिकिलो थियो भने अहिले कोभी १४०, बन्दाकोभी ५०, भन्टा ८०, परवल ८०, बोडी ८०, करैला ६०, मूला ३०, लौका ५०, गोलभेंडा ८०, घिरौला २५, खुर्दुनी ४०, तोरीको साग ८०, खुर्सानी १६० प्रतिकिलो पुगेको छ।



पोखरियाको तरकारी बजार। तस्वीरः प्रतीक

चाडपर्व लक्षित हरियो तरकारी महँगो भएको हो। उत्पादन कम र माग बढी भएपछि हरियो तरकारी महँगिएको हो।

हरियो तरकारीमध्ये अहिले गोलभेंडा मात्र सस्तो भएको छ, पहिले १२० थियो भने अहिले रु ८० मा झरेको छ। यही मौसममा पाइने तोरीको साग भने अचाक्ली महँगो भएको छ। अबका केही दिनमा हरियो केराउ पनि बजारमा आउने तर त्यसको मूल्य रु चार सय प्रतिकिलो हुन सक्ने व्यापारीहरूले बताए।

### दशैंमा वर्षा.....

हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ।

असोज १९ गते विजय दशमीका दिन देशभर बदली रही थोरै स्थानमा मेघ गर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ।

गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षाको पनि सम्भावना रहेको छ। असोज २० गते एकादशीका दिन पनि सोही मौसमी प्रणाली कायम रहने महाशाखाले बुलेटिनमा उल्लेख गरेको छ।



दशैं, तिहार र छठ पर्व शुरू भएपछि गाउँघरमा झन्डामुन्डा (लङ्गर बुर्जा) खेल शुरू भएको छ। तस्वीरः नरेश यादव






### दशैं-अझै....

मनाउन थालेको भनाइ छ। तर, इतिहासकार महेशराज पन्तका अनुसार मल्ल राजाहरूले आफ्नो दरबारमा दशैं धेरै हर्षोल्लासका साथ मनाउने गरेको प्रशस्त प्रमाण भेटिएका छन्। लिच्छवीकालमा दशैंको उल्लेख छैन। यद्यपि सन् ५०३ मा राजा मानदेवको शासनकालको शिलालेखमा दशैंमा पूजा गर्ने देवी भगवतीको उल्लेख छ। त्यसबाहेक अरू कुनै शिलालेखमा यसबारे उल्लेख भएको छैन। मल्ल शासनमा राजा र राज्य एउटै थिए। त्यसैले राजा र सम्पूर्ण राज्यले दशैं मनाउनुको अर्थ एउटै हुने गर्थ्यो।

पृथ्वीनारायण शाह काठमाडौं आएपछि फूलपातीले विशेष महत्त्व पाएको थियो। कर्मचारीलाई बिदा दिने, सेनालाई भत्ता दिने चलन त्यतिबेला शुरू भएको भन्न सकिन्छ। त्यसपछि बिस्तारै समाजमा दशैंको महत्त्व बढ्दै गयो, भन्छन्– महेशराज पन्त।

त्यसैगरी नेपाल संवत् ७९८ वा इस्वी संवत् १६७८ मा हनुमानढोका दरवारको मोहनचोकमा मल्ल राजा नृपेन्द्र मल्ल र गोर्खाली राजा पृथ्वीपति शाह विजयादशमी वा दशैं टीकाको दिन मित बनेका थिए। यी दुई राजाले दशैंलाई कति महत्त्व दिएका थिए भन्ने कुरा यसबाट थाहा हुन्छ। यो पर्वलाई संसारमा पापमाथि पुण्यको विजयको रूपमा लिइन्छ। आफ्ना पुर्खा र देवी दुर्गालाई श्रद्धा अर्पण गर्न विभिन्न अनुष्ठानहरू गरी यो पर्व मनाउने गरिन्छ।

सबैभन्दा महत्त्वपूर्ण कारण यो हो कि यो पर्व देवी दुर्गालाई मात्र नभई सबै नारीहरूलाई समर्पित छ भन्ने विश्वास गरिन्छ।

अन्त्यमा, सम्पूर्ण पाठकवर्गमा दशैं, तिहार र छठको हार्दिक शुभकामना र साथै मङ्सिर ४ गतेको आमनिर्वाचनमा आफ्नो मतको सदुपयोग गरी देशलाई फटाहा, भ्रष्टाचारी र देशद्रोही नेताहरूबाट मुक्त गर्ने विश्वासका साथ बिदा।

# कश्मीरका चलचित्र हल १४ वर्षपछि सञ्चालन

श्रीनगर, १५ असोज/एपी

भारत प्रशासित कश्मीरमा १४ वर्षपछि चलचित्र हलहरू सञ्चालन हुन थालेको छ।

धेरै ठाउँमा चलचित्र देखाउन मिल्ने एउटा चलचित्र हल शनिवारदेखि सञ्चालनमा आएको छ भने अन्य हलहरू पनि सञ्चालनको तयारीमा रहेको बताइएको छ।

तीन वर्ष पहिलेदेखि भारतको प्रत्यक्ष शासन अन्तर्गत आएको कश्मीरमा अहिले चलचित्र हल खुल्न लागेका हुन्।

धेरै जनधनको क्षति हुनेगरी चलेको झन्डै एक दशक लामो युद्धका कारण त्यहाँका चलचित्र व्यवसायीहरू विस्थापित भएकाले चलचित्र हलहरू बन्द भएका थिए।

अहिले चलचित्र देखाउन थालिए पनि दर्शकको सङ्ख्या भने अत्यन्त न्यून रहेको व्यवसायीहरूले बताएका छन्। ५२० सिट रहेको हलमा झन्डै एक दर्जन मात्र दर्शक रहेको उनीहरूले जानकारी दिएका छन्।



चलचित्र प्रदर्शनीको शुरूआत गत सेप्टेम्बर २० तारिखमा गरिएको थियो। त्यसको उद्घाटन कश्मीरका लागि भारतका उच्च प्रशासक मनोज सिन्हाले गरेका थिए। सो चलचित्र हलको सञ्चालन कश्मीरका व्यवसायीसँग मिलेर भारतीय व्यवसायीले गरेका हुन्।

"मानिसहरूले चलचित्र हेर्ने भनी सोचेको देखिएको छैन, उनीहरू चलचित्रबाट धेरै टाढा पुगेकाले फेरि पहिलेकै अवस्थामा ल्याउन अझै केही समय लाग्न सक्छ, त्यो स्वभाविक हो"– एक स्थानीयले भने।

अर्का एक स्थानीयको भनाइ थियो– "चलचित्रबारे आम नागरिकको फरक फरक धारणा पाइन्छ, कतिपयले चलचित्र हेर्नुलाई राम्रो मान्छन् भने कतिपयले गलत मान्दछन्, मैले भने यसलाई प्रगतिको सङ्केतका रूपमा लिन्छु।" शनिवारको दिवाकालीन र सन्ध्याकालीन प्रदर्शनीमा कुल सीट सङ्ख्याको १० प्रतिशतभन्दा कम दर्शक आएको पाइएको छ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – प्रगति | वृष – रोगभय |
| मिथुन – यात्रालाभ | कर्कट – कडाश्रम |
| सिंह – ज्ञानोदय | कन्या – उदरपीडा |
| तुला – विजय | वृश्चिक – धनलाभ |
| धनु – भाग्योदय | मकर – बेचैनी |
| कुम्भ – मनोरञ्जन | मीन – कर्मप्राप्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

# जसरी पनि चुनाव लड्ने पक्षमा द्विवेदी



प्रस, वीरगंज, १५ असोज/

पर्सा क्षेत्र नं. १ मा प्रतिनिधिसभाको प्रत्यक्ष चुनाव लड्न नेपाली काङ्ग्रेसका नेता अजयकुमार द्विवेदी प्रयासरत रहेका छन् ।

केही दिनदेखि टिकटकै लागि काठमाडौं बसाइँमा रहेका द्विवेदीले आगामी चुनावमा जुन पनि पार्टीबाट चुनाव लड्न प्रतिबद्ध रहेको बताएका छन् ।

प्रतीक दैनिकसँग शनिवार साँझ फोन सम्पर्कमा उनले आगामी मङ्सिर ४ गते हुने चुनावमा जसरी पनि चुनाव लड्ने मनःस्थितिमा रहेको जानकारी दिए ।

"मेरो सबभन्दा पहिलो रोजाइ नेपाली काङ्ग्रेस नै हो, काङ्ग्रेसले टिकट दियो भने काङ्ग्रेसबाट लड्छु, न दिए अन्य विकल्पबारे पार्टीका साथीहरूसँग छलफल भइरहेको छ"–उनले भने ।

उनले नेकपा एमाले, जसपा र स्वतन्त्रबाट पनि चुनाव लड्न साथीहरूको सुझाव आइरहेको अवस्थामा भोलिको दिनमा जे पनि हुन सक्ने धारणा व्यक्त गरे । अहिले नेपाली काङ्ग्रेस नेतृत्वको सत्ता गठबन्धन टुट्ने मोडमा रहेको बताउँदै यदि गठबन्धन रहेन र पार्टीले मलाई नै एकचोटि टिकट दियो भने चुनाव लड्न उत्सुक रहेको बताए ।

पर्सा क्षेत्र नं. १ बाट उद्योगपति एवं संविधानसभा सदस्य अनिल रूँगटालाई टिकट पाए भने के गर्ने प्रश्नमा उनले भने–"रूँगटाजी, समानुपातिकमा गइसक्नु भएको छ । त्यस कारणले पार्टीको नेता भनेको म नै हो, मेरो नाम पनि सिफारिश भएको छ त्यसकारण पार्टीले मलाई नै टिकट दिन्छ भन्ने कुरामा म विश्वस्त छु ।"

केही दिनभित्र द्विवेदी नेकपा एमालेमा प्रवेश गरेर एमाले पार्टीको उम्मेदवार बनी चुनाव लड्ने चर्चा छ ।

# रक्सौलमा दुर्घटना, ८ जना घाइते

राजेश केशरीवाल, रक्सौल, १५ असोज/

रक्सौलमा सवारी दुर्घटना हुँदा ८ जना घाइते भएका छन् । रक्सौल अनुमण्डलको रामगढवा थाना क्षेत्र नजीकै शुक्रवार कन्टेनर बोक्ने ट्रकले बोलेरोलाई ठक्कर दिंदा चालकसहित ८ जना घाइते भएका रक्सौल प्रहरीले बताएको छ । घाइतेहरूको उपचार एसआरपी अस्पताल रक्सौलमा भइरहेको प्रहरीले जनाएको छ ।

दुर्घटनापछि गाउँलेहरूको सहयोगमा घाइतेको उद्धार गरी अस्पताल पुऱ्याइएको थियो–रक्सौल थानाका इन्द्रजीत पासवानले बताए ।

प्रहरीको अनुसार घाइतेहरू गोपालगंज थावे माईको मन्दिरबाट दर्शन गरेर फर्किरहेको अवस्थामा उक्त घटना भएको बताइएको छ । घाइतेहरू वीरगंज छपकैयाकी सङ्गीतादेवी, काजल गुप्ता, कमलादेवी, राजुरञ्जन, अनिल शर्मा, बिन्दुदेवी, प्रभातकुमार र प्रशान्त गुप्तालगायत रहेको अस्पतालका चिकित्सक सुजीतकुमारले बताएका छन् ।


## उत्पादन बढाऔं र औद्योगिकीकरणमा सहयोग गरौं

- विलासिताका वस्तु तथा सेवाको उपयोग घटाऔं ।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं ।
- आर्थिक मितव्ययी बनौं; फजुल खर्च नगरौं ।
- बचत गरी बैंक तथा वित्तीय संस्थामा रकम जम्मा गरौं ।
- स्थानीय स्रोतको परिचालन गरी उत्पादनमा लगानी गरौं ।
- आर्थिकरूपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड



Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA

Exhilarating Hospitality

Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## घरेलु मदिरा बरामद

प्रस, पर्सागढी, १५ असोज/

इलाका प्रहरी कार्यालय, श्रीपुरका प्रमुख दिल्लीराज सापकोटाको नेतृत्वको टोलीले आज वीरगंज महानगरपालिका –३२ रामवनमा घरेलु मदिरा उत्पादन गर्दै गरेको अवस्थामा ६ सय लिटर मदिरासहित रक्सी बनाउने भाँडाकुँडा सहित नष्ट गरेको प्रहरी चौकी परवानीपुर का सई दिपेन्द्र मल्लले जनकारी दिएका छन् । उनले अन्य घरमा पनि मदिरा उत्पादन हुने गरेको तर प्रहरी टोलीलाई देखेर रक्सी र अन्य सामान जङ्गलमा लुकादिएको बताए ।

## दशैंमा वर्षाको सम्भावना

काठमाडौं, १५ असोज/रासस

नेपालमा मनसुन बाहिरिने सरदर मिति अक्टोबर २ भएता पनि यस वर्ष मनसुन सरदर मिति भन्दा केही दिन ढिला बाहिरिने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

दशैंका लागि विशेष मनसुनी बुलेटिन निकालेर महाशाखाले मनसुन सरदरभन्दा बढी समय रहने भएकाले दसैंमा वर्षा हुने बताएको हो ।

महाशाखाका मौसमविद् सजिना शाक्यले यो वर्ष मनसुन सरदरभन्दा बढी रहने देखिएकाले दशैंका तीन/चार दिन वर्षाको सम्भावना रहेको बताए ।

**कति दिन वर्षा**

हाल बङ्गालको खाडीमा विकसित भइरहेको न्यून चापीय क्षेत्र उत्तर पश्चिमीतर्फ सर्दै जाने क्रममा असोज १८ देखि २१ गतेसम्म नेपालमा पनि यस प्रणालीको प्रभाव पर्ने हादा मनसुनी वर्षा सक्रिय हुने सम्भावना देखिएको महाशाखाले उल्लेख गरेको छ । उक्त मौसमी प्रणालीको प्रभावले दशैंको नवमी, विजया दशमी र एकादशीमा मनसुनी वर्षा हुनेछ ।

उक्त समय देशको पहाडी भूभागमा पहिरो तथा गेग्रान बहाबको जोखिम रहेको, ठूला तथा साना नदी नाला र खोलामा पानीको सतह बढ्न सक्ने, सडक तथा हवाई यातायात र कृषिलगायतका क्षेत्रहरू प्रभावित हुनसक्ने भएकाले आवश्यक सतर्कता तथा पूर्व तयारी अपनाउन सर्वसारणमा र सरोकारवाला निकायमा अनुरोध गरेको छ ।

**दशैंको मौसम**

मौसम बुलेटिन अनुसार नवमीका दिन देशभर आंशिकदेखि सामान्य बदली रही प्रदेश १, मधेस, बागमती र गण्डकी प्रदेशका केही र बाँकी प्रदेशका थोरै स्थानमा मेघ गर्जन/चट्याङसहित

(बाँकी तेस्रो पातामा)

# खेलकूदको संसार

## दशैं कप नकाउट फूटबल प्रतियोगिता

## तमु ब्वाइज र वनशक्ति ए सेमिफाइनल प्रवेश

चिरञ्जीवी सापकोटा, ठोरी, १५ असोज/

विजयादशमीको पावन अवसरमा ठोरी गाउँपालिका–२ इलाका प्रहरी कार्यालय अगाडिको फूटबल मैदानमा वनशक्ति युवा क्लबको आयोजनामा सञ्चालन भइरहेको दशैंकप नकाउट फूटबल प्रतियोगिताको दोस्रो दिनको क्वाटरफाइनल खेलमा तमुब्वायज युवा क्लब र आयोजक वनशक्ति युवा क्लब ए विजयी भएका छन् ।



तस्वीरः प्रतीक

आजको पहिलो क्वाटरफाइनल खेलमा तमु ब्वायज युवा क्लब ठोरी–१ ले समाज जागरण युवा क्लब ठोरी–३ लाई ५–० फराकिलो गोल अन्तरले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ । तमु ब्वायज युवा क्लबले आज जितेसँगै सेमिफाइनलमा आयोजक वनशक्ति युवा क्लब बीसँगको मुकाबिला पक्का भएको छ । तमु ब्वायजलाई सेमिफाइनलसम्म पुऱ्याउन जर्सी नम्बर १३ का विनोद शाही, जर्सी नम्बर १० का अपिल भट्टराई, जर्सी नम्बर ७ का सतिस थापामगर, जर्सी नम्बर ९ का समीर थापामगर र जर्सी नम्बर ८ का मन्दिप थापाले समान एकएक गोल गरेका थिए ।आजको पहिलो क्वाटर फाइनल खेलको म्यान अफ द म्याच तमु ब्वायज युवा क्लबका जर्सी नम्बर १० का अपिल भट्टराई घोषित भए ।

आजै भएको आयोजक वनशक्ति युवा क्लब ए ठोरी २ र सनराइज युवा क्लब ठोरी ३ रामनगर बीचको दोस्रो तथा अन्तिम क्वाटरफाइनल खेलमा आयोजक वनशक्ति युवा क्लब ए ठोरी २ ले सनराइज युवा क्लब ठोरी ३ लाई ३–१ गोल अन्तरले पराजित गर्दै सेमिफाइनलमा श्रीस्टार युवा क्लबसँग भेट पक्का गरेको छ । वनशक्ति युवा क्लबलाई सेमिफाइनलमा पुऱ्याउन जर्सी नम्बर १० का राज तामाङले २ गोल र जर्सी नम्बर ११ का मन्दिप तामाङले एक गोल गरे भने सनराइज युवा क्लबका जर्सी नम्बर २ का सङ्गम लामाले सान्त्वना गोल गरेका थिए । आजको दोस्रो खेलको म्यान अफ द म्याच वनशक्ति युवा क्लबका जर्सी नम्बर १० का राज तामाङ घोषित भए ।

भोलि (फूलपातीको दिन) कुनै खेल हुने छैन भने पर्सि महाष्टमीको दिन दुवै सेमिफाइनल खेल हुनेछन् । १७ गते सोमवार हुने पहिलो सेमिफाइनल खेल आयोजक वनशक्ति युवा क्लब बी ठोरी २ र तमु ब्वायज युवा क्लब ठोरी १ बीच हुनेछ भने दोस्रो सेमिफाइनल खेल श्रीस्टार युवा क्लब ठोरी १ र आयोजक वनशक्ति युवा क्लब ए ठोरी २ बीच हुने आयोजक समितिका कोषाध्यक्ष विशाल क्षत्रीले जानकारी दिए ।

१६ ओटा क्लबको सहभागिता रहेको फाइनल खेल असोज २१ गते हुनेछ भने विजेतालाई नगद रु ६० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिने छ तथा उपविजेतालाई नगद रु ३० हजार, शिल्ड, मेडल एवं प्रमाणपत्र प्रदान गरिने क्षत्रीले जानकारी दिए ।

## वीरगंजमा लेजेन्ड्स क्रिकेट कप प्रतियोगिता

प्रस, वीरगंज, १५ असोज/

वीरगंजमा आजदेखि क्रिकेटका पूर्व खेलाडीहरूको प्रतियोगिताको रूपमा वीरगंज अल टाइम लेजेन्ड्स क्रिकेट कप आयोजना भएको छ । नारायणी रङ्गशालामा आयोजना भएको प्रतियोगिताको उद्घाटन वीरगंजका मेयर राजेशमान सिंहले



गरेका थिए । क्रिकेट एसोसिएशन अफ पर्सा (क्यान) ले शनिवार र आइतवार आयोजना हुने प्रतियोगितामा वीरगंजका पूर्व खेलाडीहरूको चारवटा टिम रहेको छ ।

वीरगंज भेट्रान्स, वीरगंज लेजेन्ड्स, वीरगंज अल स्टार्स, वीरगंज हीरोज गीर चारवटा टिम प्रतियोगितामा सहभागी हुनेछ ।



तस्वीरः प्रतीक

प्रतियोगिताको प्रथम दिन शनिवार दुईवटा खेल सम्पन्न भएको छ ।

वीरगंज अल स्टार्स र वीरगंज भेट्रान्सबीच भएको पहिलो खेलमा वीरगंज अल स्टार्स विजयी भएको थियो भने वीरगंज हीरोज र वीरगंज लेजेन्डबीच भएको दोस्रो खेलमा वीरगंज हीरोज विजयी भएको छ ।

आइतवार वीरगंज हीरोज र वीरगंज अल स्टार एवं वीरगंज भेट्रान्स र वीरगंज लेजेन्डबीच थप दुईवटा खेल हुने कार्यतालिका रहेको छ । दुई दिनको चारवटा खेलमा बढी अङ्क ल्याउने दुईवटा टिम आइतवार साँझ फाइनल खेल्नेछन् । प्रतियोगिताको विजेता र उपविजेताले शील्ड तथा ट्राफी र मेडलहरू प्राप्त गर्ने आयोजक क्यान पर्साका अध्यक्ष दाउद अन्सारीले बताए ।

क्रिकेटप्रति वीरगंजमा रुचि बढाउन र पूर्व खेलाडीहरूलाई क्रिकेटसँग जोडिराख्न यो प्रतियोगिता आयोजना गरेको क्यान पर्साका प्रशिक्षक मुर्तजा हवारीले बताए ।